नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

## नेपाल सरकार
## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपालले आयोजना गर्नुपर्ने तेस्रो बिम्स्टेक (BIMSTEC) ऊर्जा मन्त्रिस्तरीय बैठक र पाँचौं बिम्स्टेक ऊर्जा सचिव/वरिष्ठ पदाधिकारीहरुको बैठक भर्चुअल माध्यमबाट क्रमशः आज ७ बैशाख २०७९ र हिजो ६ बैशाख २०७९ मा सम्पन्न भयो । तेस्रो बिमस्टेक ऊर्जा मन्त्रिस्तरीय बैठकको अध्यक्षता माननीय मन्त्री पम्फा भुसाल र पाँचौं बिम्स्टेक ऊर्जा सचिव/वरिष्ठ पदाधिकारीको बैठकको अध्यक्षता ऊर्जा सचिव श्री देवेन्द्र कार्कीले गर्नु भयो ।

उक्त बैठकमा दोस्रो बिमस्टेक ऊर्जा मन्त्रिस्तरीय बैठकमा भएका सहमति/निर्णयहरुको समीक्षा र दोस्रो बिमस्टेक ऊर्जा मन्त्रिस्तरीय बैठकपछि सम्पन्न भएका बिम्स्टेक ऊर्जा सचिव/वरिष्ठ पदाधिकारीहरुको बैठकहरु र अन्य विज्ञ समूह/समन्वय समितिको प्रतिवेदनलाई अनुमोदन गरिएको छ । उक्त बैठकमा २२ जनवरी २०११ मा म्यानमारको राजधानी Nay Pyi Taw मा भएको तेह्रौं बिम्स्टेक मन्त्रिस्तरीय बैठकमा बिमस्टेक ऊर्जा केन्द्रको स्थापनाको लागि सदस्य राष्ट्रहरुले हस्ताक्षर गरेको Memorandum of Association अनुसार स्थापना भएको बिम्स्टेक ऊर्जा केन्द्र शीघ्र सञ्चालन गर्ने र ३१ अगष्ट २०१८ मा काठमाडौंमा सम्पन्न चौथौं बिमस्टेक सम्मेलनमा सबै सदस्य राष्ट्रहरुबाट हस्ताक्षर भई ७ अप्रिल २०१९ देखि लागू भएको MOU for Establishment of the BIMSTEC Grid Interconnection कार्यान्वयनको लागि ग्रिड इन्टरकनेक्शन मास्टर प्लान जुन २०२२ सम्ममा तयार गर्ने विषयमा सहमति भयो । साथै, बिमस्टेक ऊर्जा मन्त्रिस्तरीय बैठक लामो समयपछि हुन सकेकोमा सबै सदस्य राष्ट्रहरुले खुशी ब्यक्त गर्दै बिम्स्टेक ऊर्जा मन्त्रिस्तरको चौथौं बैठक भारतमा आयोजना गर्ने विषयमा सहमति गर्‍यो ।

अन्तमा बिमस्टेक ऊर्जा मन्त्रीहरूको तेस्रो बैठकको संयुक्त वक्तव्य जारी भई बैठक सम्पन्न भयो । संयुक्त वक्तव्यमा बिम्स्टेक ऊर्जा सचिव/वरिष्ठ पदाधिकारीहरुको बैठक वर्षमा कम्तिमा एक पटक र बिमस्टेक ऊर्जा मन्त्रिस्तरीय बैठक प्रत्येक दुई वर्षमा आयोजना गर्ने विषयमा सहमति भयो । संयुक्त वक्तव्यमा बिम्स्टेक सदस्य राष्ट्रहरुबीच ऊर्जा व्यापारको लागि विस्तृत योजना बनाउन ऊर्जा विज्ञ समूहलाई निर्देशन दिइएको छ । त्यसैगरी, संयुक्त वक्तव्यमा बिमस्टेक ऊर्जा केन्द्र सञ्चालन गर्न आवश्यक उपयुक्त कार्ययोजना, मार्गचित्र, संरचना, कार्यप्रणाली र त्यसको लागि आवश्यक वित्तीय स्रोतहरू जुटाउने सम्बन्धमा सदस्य राष्ट्रहरुसँग परामर्श गर्न बिम्स्टेक सचिवालयलाई निर्देशन दिइएको छ ।

(मधु प्रसाद भेटुवाल)
प्रवक्ता एवं सहसचिव